नेपाल सरकार

गृह मन्त्रालय

**श्री सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हे.क्वा. भैरहवा,रुपन्देही ।**

आर्थिक प्रशासन शाखा

## पुराना जिन्सी सामानहरुको लिलाम बिक्रि सम्बन्धी सिलबन्दी बोलपत्र आहवानको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७९/०८/२७ गते)

श्री सशस्त्र प्रहरी बल नेपाल नं.२७ गण हे.क्वा.रुपन्देही अवस्थित रहेका तपसिल बमोजिमका बिभिन्न पुराना जिन्सी सामान तथा सवारी साधनहरु जे-जस्तो अवस्थामा छन सोहि अवस्थामा लिलाम बिक्रि गर्नु पर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति,फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित सर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | विवरण | परिमाण | दर मु.अ.कर बाहेक | न्युनतम जम्मा मुल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ना१झ ७८६ टाटा सुमो गाडी | १ | | ११७७००/- | १०००/- | नामसारी नहुने |
| २. | पुराना जिन्सी सामानहरु | | | १०००५/- | | |
| जम्मा रकम रु. | | | | १२७७०५/- | | |

बोलपत्र फाराम कोष तथा लेखा नियन्त्रक कार्यालय भैरहवा, रुपन्देही सशस्त्र प्रहरी बल नेपाल नं.२७ गण हे.क्वा.रुपन्देहीबाट दोस्रो पटक सुचना प्रकासित भएको मितिले ४ औ दिन(मिति २०७९/०९/०३ गतेको) कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ ।बोलपत्र फाराम ५ औ दिन(मिति २०७९/०९/०४ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल नेपाल नं.२७ गण हेक्वा.रुपन्देहीमा दर्ता गराई सक्नुपर्ने छ ।दाखिला भएका बोलपत्र फारामहरु सोहि दिनको १४:०० बजे यस कार्यालयमा खोलिने छ ।बोलपत्र फाराम बिक्रि दाखिला र खोलिने दिन कारण बस सर्वजनिक बिदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरिने छ ।बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको दश (१०) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल नेपाल नं.२७ गणको कार्यालय कोड नं. ३१४०५४८०२ को कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको कृषि बिकास बैंक शाखा कार्यालय भैरहवाको धरौटी खाता नं. ०४१४३०१०१४२५३०२७ मा नगदै दाखिला गरी सोको सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत(बैंक ग्यारन्टी) बोलपत्र साथ पेश गर्नुपर्ने छ ।स्विकृती बोलपत्र दाताले बोलपत्र स्विकृतीको जानकारी पाएको ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर (तेह) प्रतिशत समेत थपगरि जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु उठाई लैजानु पर्ने छ ।बोलपत्र दाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोल पत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफतगरी प्रचलित कानुन बमोजिम कारवाही गर्ने छ ।उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझन परेमा कार्यालय समय भित्र यस कार्यालयमा आई हेर्न र बुझन सकिनेछ वा यस कार्यालयको फोन नं. ०७१५०६२७७/९८५१२७२१४४ मा सम्पर्क राखि आवश्यक जानकारी लिन सकिनेछ ।यस सम्बन्धि सुचना सशस्त्र प्रहरी बल नेपालको Web Site -www.apf.gov.np मा समेत राखिएको छ

बोलपत्रका शर्तहरु

१. बोलपत्र फाराम खरिद गर्न ईच्छुक बोलपत्रदाताले दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ४ औ दिन (मिति २०७९/०९/३ गते) को कार्यालय समय भित्र बोलपत्र फाराम दस्तुर रु. १,०००/- (एक हजार रुपैयाँ मात्र) फिर्ता नहुने गरी नगदै तिरी श्री सशस्त्र प्रहरी बल, नेपाल नं. २७ गण हे.क्वा. रुपन्देहीबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. सिलवन्दी बोलपत्र दाखिला गर्न ईच्छुक बोलपत्रदाताहरुले दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ५ औं दिन (मिति २०७९/०९/०४ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. २७ गण हे.क्वा. रुपन्देहीमा बोलपत्र फाराम दाखिला गरि सक्नुपर्नेछ ।

३. श्री जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयले प्रतिनिधी, ईच्छुक बोलपत्रदाता तथा निजका प्रतिनिधीहरुको रोहवरमा नियमानुसार दर्ता भएका सिलवन्दी बोलपत्र फारामहरु बोलपत्र खोलुवा समिति समक्ष प्रथम पटक सूचना प्रकाशित भएको मितिले ५ औं दिन (मिति २०७९/०९/०४ गते) को १४:०० बजे सशस्त्र प्रहरी बल, नं. २७ गण हे.क्वा.रुपन्देहीमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा बिदाको लगत्तै पछिको कार्यालय खुलेको पहिलो दिन सोहि समयमा गरीनेछ ।

४. तोकिएको मिति र समय भन्दा पछी प्राप्त हुन आउने बोलपत्र फारामलाई दर्ता गरिने छैन र सो बोलपत्र फाराम उपर कुनै कारबाही गरिने छैन ।

५. बोलपत्र संशोधन र फिर्ताः-

(क) बोलपत्र दाखिला गर्न तोकिएको अन्तिम मिति र समय भन्दा अगावै नियमानुसार संशोधन वा फिर्ता लिन सक्नेछन् ।

(ख) बोलपत्रदाताको संशोधन वा फिर्ताको सूचना तयार पारी, संकेत गरी चलानी गरिएको हुनुपर्छ र खामको बाहिरी रीतपूर्वक "फिर्ता" वा "संशोधन" भनी उल्लेख गर्नु पर्नेछ ।

(ग) बोलपत्र दाखिला गर्ने म्याद समाप्त भए पश्चात संशोधन वा फिर्ता लिन पाईने छैन । समय समाप्त भएपछि बोलपत्रदाताले फिर्ता लिनको लागि अनुरोध गरेमा कानून बमोजिम कारवाही गरिनेछ ।

६. बोलपत्र जमानतः-

(क) बोलपत्रदाताले बोलपत्र फाराममा आफुले कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बलको कार्यालय कोड नं. ३१४०५४८०२ को कोष तथा लेखा नियन्त्रक कार्यालय, रुपन्देहीको कृषि बिकास बैंक शाखा कार्यालय ३१४०५४८०२ को धरौटी खाता नं. ०४१४३०१०१४२५३०२७ मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

(ख) बोलपत्र जमानत पेश नगरेको बोलपत्रलाई अप्रभावग्राही मानी अस्वीकृत गरीनेछ ।

(ग) सफल बोलपत्रदाताले कुल बुझाउन पर्ने रकम यस कार्यालयमा दाखिला गरे पश्चात अन्य बोलपत्रदाताहरुको बोलपत्र जमानत फिर्ता गरीनेछ ।

७. बिक्री गरीने पुराना जिन्सी मालसामानहरुको नियमानुसार लाग्ने करहरु बाहेक जम्मा न्यूनतम मूल्य १२७७०५।- (रु. एक लाख सत्ताईस हजार सात सय पाँच रुपैया मात्र) कायम गरीएको छ ।

८. लिलाम बिक्रीको लागि राखिएको पुराना जिन्सी मालसामानहरु तथा सवारी साधन हेर्न ईच्छुक बोलपत्रदाताहरुले कार्यालय समय भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.२७गण हे.क्वा रुपन्देहीमा सम्पर्क राखी हेर्न सकिनेछ ।

९. बोलपत्र फाराममा कबोल अंक रकम (मु.अ.कर बाहेक) उल्लेख गर्दा अंक र अक्षरमा प्रष्ट रुपमा भर्नु पर्नेछ । उल्लेखित अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

१०.बोलपत्र फाराममा मूल्य कबोल गर्दा न्यूनतम मूल्यमा नघटाई पेश गर्नुपर्नेछ र न्यूनतम मूल्य भन्दा माथी रितपूर्वक दर्ता भएका बोलपत्र मध्ये सबैभन्दा बढी मूल्य कबोल गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीको बोलपत्र स्वीकृत गरीने छ । स्वीकृत गरीएको जानकारी पत्र सम्बन्धित सकारकर्तालाई दिईएको ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी समानहरु उठाई लैजानु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी बोलपत्र जमानत बापतको रकम जफत गरीनेछ ।

११. लिलाम सकारकर्ताले नियमानुसार राखेको बोलपत्र जमानत उक्त जिन्सी मालसामानहरु उठाई लगे पश्चात मात्र फुकुवा गरीनेछ ।

१२.लिलाममा भाग लिन चाहने व्यक्तिले नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि र ईच्छुक फर्म, संस्था वा कम्पनीहरुले ईजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र करचुक्ता पत्रको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

१३.लिलाम गरीने पुराना जिन्सी मालसामान तथा सवारी साधन यस कार्यालयमा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा नै सकार गर्नुपर्नेछ ।

१४.लिलाम बिक्रीमा राखिएको सवारी साधन टाटा सुमो थान-१ लिलाम बिक्री भएपछि लिलाम सकारकर्ताको नाममा दर्ता नामसारी हुने छैन।

१५.लिलाम बिक्री गरिने पुराना सवारी साधनको ईन्जीन नं र च्यासीस नं उल्लेख गरिएको भाग काटी नम्वर सहितको टुक्रा सकारकर्ताले यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

१६. लिलाम बिक्री गरिने सवारी साधन नामसारी नहुने भएकोले स्क्रेपमा लैजानु पर्ने, सकार कर्ताले उठाई लैजादाँ पात्रु बनाई लैजानु पर्ने छ ।

१७.प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१८.यस बोलपत्रमा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ।

## लिलाम बिक्री गरिने सवारी साधनहरु तथा जिन्सी सामानहरुको विवरण :-

| सि.नं. | विवरण | ईकाई | परिमाण | कै. |
|---|---|---|---|---|
| १ | ना१झ ७८६ | गोटा | १ | |
| २ | ४ मेन टेन्ट (पाईप मात्र) | सेट | १ | |
| ३ | प्लास्टिक कुर्सी | गोटा | ६ | |
| ४ | मेघाफोन | गोटा | २ | |
| ५ | सर्च लाईट | गोटा | ११ | |
| ६ | **12 Volt 100,7.2 Amp.Bty** | गोटा | ५ | |
| ७ | सिलिङ्ग पंखा | गोटा | १० | |

फाराम नं..........
फाराम दस्तुर रु १,०००।-

नेपाल सरकार
गृह मन्त्रालय
**सशस्त्र प्रहरी बल, नेपाल नं. २७ गण हे.क्वा.रुपन्देही**
(आर्थिक प्रशासन शाखा)

**लिलाम बिक्री सम्बन्धी बोलपत्र फाराम**

| सि.नं. | पुराना जिन्सी सामानहरुको विवरण | न्यूनतम जम्मा मूल्य रु (मु.अ.कर बाहेक) | नियमानुसार लाग्ने कर बाहेक कबोल रकम रु. (अङ्कमा) | कैफियत |
|---|---|---|---|---|
| १. | टाटा सुमो थान- १<br>४ मेन टेण्टको पाईप,प्लास्टिक कुर्सी,मेघाफोन,सर्च लाईट,ब्याट्रीहरु र सिलिङ्ग पंखा । | १२७७०५।- (रु. एक लाख सत्ताईस हजार सात सय पाँच रुपैया मात्र) | | |

कबोल रकम रु. अक्षरमा:-

दस्तखत:-

बोलपत्र पेश गर्नेको नाम:-

ब्यक्ति, फर्म, संस्था वा कम्पनीको नाम:-

फर्म, संस्था वा कम्पनीको छाप:-

ठेगाना:-

सम्पर्क नं.

ईमेल ठेगाना:-